पन्ध्र

# गैरकाष्ठ वन पैदावार र जीविकोपार्जन

हरिप्रसाद ढुङ्गाना

## विषय प्रवेश

जैविक विविधताको संरक्षण तथा उपयोगको सवाल 'जैविक विविधता' को अवधारणालाई माथिमाथि हेरेर मात्र निरूपण गर्न कठिन पर्दछ । यस अवधारणामा अन्तरनिहित विभिन्न आयामलाई केस्राकेस्रा गरी नियालेर मात्र जैविक विविधताको संरक्षण तथा उपयोगको यथार्थ चित्रण गर्न सकिन्छ । यसरी जैविक विविधतासम्बद्ध विभिन्न सवाल तथा समस्यालाई उजागर गर्ने प्रयास गरियो भने यसभित्रका जटिलता तथा विभिन्न पाटा खुल्दै र स्पष्ट हुँदै आउँछन् । यसै सन्दर्भमा यस लेखमा नेपालको जैविक विविधताको एक महत्त्वपूर्ण आयाम मानिने गैरकाष्ठ वन पैदावार (non-timber forest products) को व्यवस्थापन र बजारीकरणको चर्चा गर्न खोजिएको छ । यी पैदावार नेपालको ग्रामीण जनजीवनको एक अभिन्न अङ्गका रूपमा छन् र कतिपय समुदायको हकमा जीवन निर्वाहको महत्त्वपूर्ण आधार पनि । यिनको संरक्षण तथा समुचित व्यवस्थापनबाट जैविक विविधताको संरक्षणमा पनि योगदान पुग्छ । नेपालमा अहिलेसम्म गरिएका यी पैदावारको प्रवर्द्धन, बजार व्यवस्था तथा यिनमा आधारित उद्यम सञ्चालनबाट जैविक

विविधता संरक्षण तथा ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरणमा योगदान पुग्न सक्ने स्थिति कस्तो छ भन्ने विषयमा यस लेखमा छोटकरीमा चर्चा गरिनेछ ।

यस लेखमा गैरकाष्ठ वन पैदावारको सामान्य परिभाषा प्रस्तुत गर्दै यसको व्यवस्थापन सम्बन्धमा नेपाली तथा विश्वव्यापी सन्दर्भमा देखा परेका अभिरुचिबारे चर्चा गरिनेछ । त्यसपछि लेखमा गैरकाष्ठ वन पैदावारको ग्रामीण जीविकोपार्जनमा रहिआएको भूमिका तथा यी स्रोतको वर्तमान बजार व्यवस्थाबारे छलफल गरिनेछ । यसबाट नेपालका अमूल्य स्रोतका रूपमा रहेका गैरकाष्ठ वन पैदावारबाट ग्रामीण जनसमुदाय लाभान्वित हुन नसकेका कारणबारे प्रस्टता आउनेछ । यसका साथै यस लेखमा ग्रामीण जनतालाई वनमा आधारित उद्यम विकासका लागि सङ्गठित गराउन ध्यान दिनुपर्ने विभिन्न पक्ष, नेपालमा गैरकाष्ठ वन पैदावार प्रवर्द्धनमा भइआएका केही काम तथा यी पैदावारको व्यापार तथा उद्यम सञ्चालनका क्रममा आइपर्ने जटिलतामाथि पनि केही चर्चा गरिएको छ । त्यसैगरी लेखमा गैरकाष्ठ वन पैदावारको प्रवर्द्धन तथा उद्यम सञ्चालनसँग सम्बन्धित प्रमुख सवाल तथा कठिनाइ प्रस्तुत गरी यी पैदावारमा आधारित उद्यम विकास तथा बजार सहजीकरणबाट जैविक विविधतामा पुग्न जाने योगदान सम्बन्धमा निष्कर्षसमेत पेश गरिएको छ ।

## गैरकाष्ठ वन पैदावार व्यवस्थापन

गैरकाष्ठ वन पैदावार भन्नाले सामान्यतया काठ तथा घाँस दाउराबाहेकका विभिन्न प्रयोजनमा आउने वन्य पैदावार पर्दछन् । यसमा औषधिका रूपमा प्रयोग गरिने नानाथरीका जडीबुटी, खाद्यपदार्थका रूपमा उपभोग हुने कन्दमूल, जङ्गली च्याउ, तरुल, वन्य फलफूल, बाँसको तामा, पानी अमला, आदिजस्ता पैदावार पर्दछन् । त्यसैगरी नेपाली कागज बनाउन प्रयोग हुने लोक्ता, कपडा बुन्न प्रयोग गरिने चाल्ने सिस्नो, ठूला कागज कारखानामा कच्चा पदार्थको रूपमा प्रयोग गरिने बाँस तथा खर, जुत्ता पालिस तथा अन्य औद्योगिक उत्पादन तयार गर्न प्रयोग गरिने रोजिन तथा तारपिन तेलको कच्चा पदार्थका रूपमा रहेको सल्लाको खोटोजस्ता पैदावार पनि गैरकाष्ठ वन पैदावर पर्दछन् ।

यी नेपालका गैरकाष्ठ वन पैदावारका केही उदाहरण मात्र हुन्, जसले नेपालको गैरकाष्ठ वन पैदावारको झलक दिन्छ । वनमा पाइने सबैखाले जीव वनस्पति कुनै न कुनै रूपमा मानिसका लागि उपयोगी भएको पाइन्छ र यीमध्ये कतिपय जीव वनस्पतिको प्रयोग मानिसलाई अझसम्म थाहा नभएको पनि हुन सक्छ । तथापि परापूर्वकालदेखि नै मानिसले यस्ता गैरकाष्ठ वन पैदावारको

प्रयोग गर्न सिक्दै आइरहेका छन् । जङ्गल नजिक बसोबास गर्ने समुदायका मानिसलाई आफूलाई उपयोगी हुने जाति तथा प्रजातिको प्रयोगबारे बढी जानकारी रहन्छ । एकातिर वन्य पैदावरले स्थानीय आवश्यकता र जीविकालाई धानेको हुन्छ भने अर्कोतिर यस्ता केही पैदावारमाथि बजारको चर्को दबाब र माग छ । अहिले मानिसको बसाइ क्रमशः सहरकेन्द्रित हुँदै गएकाले मानिसको जीवनशैलीमा परिवर्तन आइरहेको छ । यस क्रममा दुई ओटा परस्पर विरोधी प्रवृत्ति विकसित हुँदै आएको पाइन्छ । पहिलो, सहरीकरण तथा आधुनिक जीवनशैलीले मानिसलाई प्रकृतिबाट टाढा लगिरहेको छ र त्यसअनुरूप प्राकृतिक उत्पादन (natural products) को प्रयोगको चाहना तथा पहुँच दुवैमा कमी आएको छ । अर्कोतिर दोस्रो प्रवृत्तिका रूपमा सहरी क्षेत्रमा विकसित हुँदै गएको सम्पन्नता तथा भौतिक सुख-सुविधाको प्राप्तिसँगै मानिस प्रकृतिप्रेमी पनि बन्दै गइरहेका छन् र उनीहरूको 'प्राकृतिक' पैदावारको उपभोगप्रति आकर्षण पनि बढ्दो छ । यी दुवै विश्वव्यापी प्रवृत्ति हुन् । एकातिर यो वर्गीय देखिन्छ किनभने प्राकृतिक पैदावारको बजार मूल्य अन्यभन्दा बढी नै हुने गरेको पाइन्छ र सबै आयवर्गका मानिसले प्राकृतिक पैदावारको खपत चाहेर पनि गर्न सक्दैनन् । तर अर्कोतिर यो प्रवृत्ति वर्गीय मात्र नभई वातावरणीय संवेदनशीलताको परिचायक पनि मान्न सकिन्छ । नेपालमा पनि यी दुवै प्रवृत्ति विद्यमान छन् । विशेषगरी सहरी क्षेत्रमा प्राकृतिक उत्पादन (जस्तै- जडीबुटी चिया, आयुर्वेदिक औषधि, प्राकृतिक चिकित्सा पद्धति, अर्गानिक सागसब्जी आदि) को प्रयोग वा उपभोगमा क्रमशः वृद्धि भइरहेको पाइन्छ ।

माथिका दुईमध्ये दोस्रो, अर्थात् प्राकृतिक उत्पादनको प्रयोग तथा उपभोगको बढ्दो प्रवृत्ति एकाएक विकसित भएको भने पक्कै होइन । सन् १९६० को दशकदेखि नै विकसित मुलुकमा औद्योगीकरणका कारण वातावरण विनाश भएको तथा औद्योगिक उत्पादनले मानव स्वास्थ्यमा विभिन्न तरिकाले नकारात्मक प्रभाव पारेको भन्नेबारे प्रशस्त बहस भएको देखिन्छ । यो बहसको लहरले विकसित देशका उपभोक्तामा प्राकृतिक उत्पादनको आकर्षण बढाएको छ । त्यसको अर्को पाटोका रूपमा वातावरण तथा वन संरक्षणजस्ता उद्देश्य हासिल गर्न ती स्रोतमा आश्रित जनसमुदायको गरिबी हटाउनुपर्ने तर्क पनि बलियो हुँदै आयो । वनमा आश्रित जनताको गरिबी हटाउने वा उनीहरूको खाद्यसुरक्षा सुनिश्चित गर्नेजस्ता उद्देश्य प्राप्त गर्न वन्य स्रोतमै ध्यान जान थाल्यो । त्यस बेलासम्म वन्य उत्पादनमध्ये काठलाई मात्र मूल्यवान मानिँदै आइएको थियो । तापनि रुख हुर्कन र यसबाट आय आर्जन हुन दशकौँ लाग्ने भएकाले छोटोछोटो अवधिमा नै प्रतिफल दिनसक्ने उत्पादन तथा पैदावारको खोजी भयो । यिनै

कारणबाट विभिन्न समूह, जस्तै- दातृसंस्था, सरकारी निकाय, गैरसरकारी संरक्षण संस्थामा गैरकाष्ठ वन पैदावारबारे चासो बढ्यो । यी संस्थाले गाउँलेलाई गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापन गर्न प्रेरित गरे । यसरी प्राप्त हुने पैदावारको बिक्री वा बजारीकरणबाट सिर्जना हुने आर्थिक लाभबाट ग्रामीण जनसमुदायलाई वन्यस्रोत संरक्षणमा प्रेरणा मिल्नसक्ने अपेक्षा गरियो ।

वन व्यवस्थापनमा हावी भएको आधिकारिक र आधुनिक ज्ञान, वनविज्ञान (forestry), गैरकाष्ठ वन पैदावारको व्यवस्थापनप्रति बेखबर छ । गैरकाष्ठ वन पैदावारअन्तर्गतका मुख्य स्रोत मानिने जडीबुटीसम्बन्धी ज्ञान खासगरी परम्परागत बौद्धिक स्रोतमा मात्र विद्यमान हुन्छन् । यसमा आयुर्वेदिक, चिनिया तथा यूनानी चिकित्सा प्रणाली मुख्य हुन् । यसबाहेक विभिन्न रैथाने उपचार पद्धति पनि बूढापाकाबाट आफ्ना परिवार वा समुदायका सदस्यमा मौखिकरूपले सूचना प्रवाह गरेका आधारमा विकसित हुँदै जान्छन् । तर आधुनिक भनिएको वनविज्ञानले ज्ञानका यी स्रोतलाई स्वीकार गरेन र गैरकाष्ठ वन पैदावारलाई कम महत्त्व भएको अर्थात् लघु वन पैदावार (minor forest products) अन्तर्गत राख्यो । नेपालमा यस्ता पैदावारलाई लघु भनिएका अरू कारण पनि छन् । नेपालमा वन व्यवस्थापनसम्बद्ध नीति निर्माणमा संलग्न विशेषज्ञ खासगरी भारतको देहरादुनमा अवस्थित वनविज्ञान संस्थानमा पढेर आएका हुन् र उक्त संस्थानको पठनपाठनले औपनिवेशिक अभीष्ट राखेको थियो । यस औपनिवेशिक परम्परामा सरकारको मातहतमा रहेको वन विभागले सरकार वा शासकको हितअनुरूप हुनेगरी वन्यस्रोत व्यवस्थापन गर्ने र स्थानीय जनताका आवश्यकता, चाहना तथा ज्ञानप्रति उदासीन रहने गरेको पाइन्छ । राणा शासनताका नेपाल सरकारले पनि यहाँको, खासगरी तराई क्षेत्रको, सालको काठ भारतमा निर्यात गरी शासक वर्गका लागि धनदौलत थुपार्ने अभीष्टका साथ वन व्यवस्थापन रणनीति अवलम्बन गरेको थियो । काठको भारततर्फको निकासी त समयक्रममा घट्दै गयो तर काठमा केन्द्रित वन व्यवस्थापन पद्धति भने अहिलेसम्म पनि सुध्रिन सकेन ।

सन् १९९० यता आएर नेपालमा सामुदायिक वन व्यवस्थापन प्रणालीले गति लिँदै गएपछि भने गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापनबारे चर्चा बढ्दै गयो । सन् १९८९ मा स्वीकृत वन क्षेत्रको गुरुयोजनामा पनि औषधिमूलक तथा सुगन्धित बिरुवा (medicinal and aromatic plants- MAPs) सम्बन्धी एक प्राथमिक कार्यक्रम नै राखिएको थियो । अहिले आएर गैरकाष्ठ वन पैदावार व्यवस्थापन वन व्यवस्थापनको एक महत्त्वपूर्ण पाटोका रूपमा हुनुपर्दछ भन्नेमा एकमत बन्दै गएको त पाइन्छ तर यसलाई कसरी कार्यरूप दिने भन्नेमा विस्तृत

र व्यावहारिक ज्ञान सीप विकास भएको छैन । तथापि गैरकाष्ठ वन पैदावारको व्यवस्थापन तथा समुचित बजारीकरणबाट गाउँलेको दैनिक जीविकोपार्जनमा सहयोग पुग्ने मात्र नभई ग्रामीण क्षेत्रको गरिबी न्यूनीकरण तथा वन्यस्रोत र जैविक विविधता संरक्षणमा पनि योगदान पुग्नसक्ने तर्क प्राय: गरिन्छ । यसअनुरूप नेपाल सरकार तथा विभिन्न दातृसंस्थाद्वारा सञ्चालित कार्यक्रममा पनि गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती, बजार सहजीकरण, कर समायोजनजस्ता आवश्यक गतिविधिसमेत हुँदै आएका छन् । तर यसबाट ग्रामीण जनतामा कस्तो प्रभाव परिरहेको छ भन्नेमा स्वतन्त्र पुष्टि हुन भने बाँकी नै छ ।

नेपालका स्थानीय बासिन्दा केही न केही रूपमा यस्ता वन पैदावारमा निर्भर छन् । उनीहरूमा यससम्बन्धी परम्परागत ज्ञानसमेत भएकाले यस्ता पैदावारको संरक्षण तथा व्यवस्थापनमा ती समुदायलाई सरिक गराउनुपर्ने आवश्यकताबोध समेत भएको छ । सामुदायिक वन कार्यक्रमको मर्म तथा अनुभवअनुसार यो आवश्यक पनि छ । तर घरायसी प्रयोग तथा परम्परागत उपयोगभन्दा पर गएर गैरकाष्ठ वन पैदावारको बजारीकरण गर्ने र यसबाट उच्चतम् किसिमले लाभ उठाउने कुरामा भने गाउँले जनसमुदाय पछाडि परेका छन् । यसमा उनीहरू ठगिएका छन् । नेपालका गाउँगाउँमा गठन गरिएका उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण भैसकेको छ । ती सामुदायिक वनभित्रै गैरकाष्ठ वन पैदावार रहने भएकाले त्यस्ता स्रोतको व्यवस्थापन तथा बजारीकरणबाट ती समूहको हित रक्षा कसरी हुन सक्छ भनी नियाल्नु जरुरी छ ।

## गैरकाष्ठ वन पैदावारमा आधारित जीविकोपार्जन र बजार व्यवस्था

थोरै भूक्षेत्र तथा दूरीमा भौगोलिक तथा जलवायुको व्यापक भिन्नता रहनु र दक्षिण तथा उत्तरका दुई प्रमुख जैविक क्षेत्रको सङ्गमस्थल समेत रहनुले नेपालमा बोटबिरुवा तथा जीवजन्तुको प्रचुरता र विविधता रहेको पाइन्छ । यसबाट सिर्जित पारिस्थितिकीय, प्रजातिगत तथा आनुवंशिक विविधताका कारण यहाँ पाइने गैरकाष्ठ वन पैदावारमा पनि व्यापक विविधता छ । नेपालमा खासखास सीमित प्रजातिका गैरकाष्ठ वन पैदावारको प्रशस्त उत्पादन नभई धेरै प्रजातिका तर थोरै मात्रामा उत्पादन हुने पैदावार अधिक छन् । नेपालको तराई, मध्य पहाड तथा हिमाली क्षेत्रमा तथा यहाँको पूर्वी तथा पश्चिमी क्षेत्रको आधारमा प्रजातिगत विविधता त छँदैछ, ती क्षेत्रभित्रका विभिन्न पारिस्थितिकीय प्रणालीअनुसार पनि गैरकाष्ठ वन पैदावारको विविधता प्रचुर छ । यी प्राकृतिक विविधताबाहेक विगतको एक दशकयता किसान तथा वन उपभोक्ता समूहले

आफ्नो क्षेत्रमा हुर्कन सक्ने उच्च मूल्यका बाह्य प्रजातिको पनि खेती गरिरहेका छन् । यसबाट स्थानीय प्रजातिका साथै बजारको मागअनुसार अन्य प्रजातिबाट प्राप्त हुने पैदावारको उत्पादन, उपभोग र व्यापारको सम्भावना बढेको छ ।

नेपालको ग्रामीण जनजीवन गैरकाष्ठ वन पैदावारमा प्रत्यक्ष आश्रित छ । चेपाङ, राउटेजस्ता वनमा नै आश्रित आदिवासीलगायत यहाँका प्रायः सबै सांस्कृतिक समूहका मानिसले विभिन्न गैरकाष्ठ वन पैदावारको उपयोग गरिरहेका हुन्छन् । वनबाट प्राप्त हुने फलफूल, वनकेरा, काफललगायत जङ्गली च्याउ, बाँस वा निगालोको टुसा वा तामा अत्यन्त स्वादिष्ट खाद्यवस्तु मानिन्छन् र प्रशस्त मात्रामा सङ्कलन र उपभोग गरिन्छन् । एक प्रकारको वनस्पति लोक्ताबाट नेपाली कागज बनाई सरकारी कामकाजमा प्रयोग गर्नका लागि बेच्ने परम्परा लामो समयदेखि चलिआएको पाइन्छ र त्यो कागज अहिले निर्यात पनि हुन्छ । यसका अलावा वनमा पाइने अनगिन्ती जडीबुटी सुकाएर, उमालेर, थिचेर रस बनाई तथा अन्य प्रकारले औषधि तयार गर्ने परम्परा प्रायः सबै सम्प्रदायमा रहिआएको छ । तिब्बती सांस्कृतिक पृष्ठभूमि भएका समुदायका आम्ची, हिन्दू समुदायका वैद्य तथा थारू समुदायका गुराउले परम्पराअनुसार नै यस्ता कार्यलाई पेशाका रूपमा अङ्गालेको पाइन्छ ।

नेपालमा पाइने जम्मा ७०० प्रजातिका औषधीमूलक र सुगन्धित बोटबिरुवामध्ये झण्डै एक सय प्रजातिको बढी मात्रामा निर्यात व्यापार हुने गरेको पाइन्छ (MPFSP 1988 and Edwards 1996) । सरकारी तथा निजी स्वामित्वमा रहेका कम्पनीबाट देशभित्रै औषधि बनाउनेदेखि लिएर विदेशसमेत निकासी भैरहेको छ । गैरकाष्ठ वन पैदावारको व्यापार नेपालका लागि सर्वथा नौलो अवश्य होइन । मध्यकालीन नेपालमा काठमाडौंबाट कस्तूरीको विनालगायत विभिन्न जडीबुटीको व्यापार हुने गरेको इतिहासका स्रोतबाट अवगत हुन्छ । समय क्रममा अन्य व्यापार व्यवसायझैँ जडीबुटीको व्यापार पनि वृद्धि हुनु स्वाभाविकै हो । एक अनुमानअनुसार नेपालबाट वार्षिक १०,००० देखि १५,००० मेट्रिक टन गैरकाष्ठ वन पैदावार सङ्कलन भई भारततर्फ निकास हुने गरेको देखिएको छ (Edwards 1996) । उक्त अनुमानअनुसार भारतीय नाकामा भएको व्यापारको परिणाम करिब ८६ लाख अमेरिकी डलर बराबर रहेको थियो । त्यस्तै अर्को अनुमानमा नेपालमा बिक्री भएका यी पैदावारबाट जडीबुटी सङ्कलकलाई वार्षिक आम्दानी १ करोड १० लाखदेखि तीन करोड ५० लाख अमेरिकी डलर (लगभग रु. ८० करोडदेखि रु. २ अरब ४५ करोड) रहेको छ । यस अनुमानअनुसार ४ लाख ७० हजार परिवार (जम्मा २६ लाख जनसङ्ख्या)

जडीबुटी सङ्कलनमा संलग्न भएको पाइन्छ (Olsen and Helles 1997, Larsen et al 2000)। यस किसिमको व्यापारबाट गाउँस्तरका उत्पादक कृषक, सङ्कलक तथा उपभोक्ता समूहले यथोचित लाभ प्राप्त गर्न सकेका छैनन् । अहिलेको गैरकाष्ठ वन पैदावारको बजार व्यवस्था सामान्यतया स्थानीय सङ्कलन र उपभोक्तामुखी छैन (हेर्नुहोस् तालिका १५.१) । तर पनि यस्ता पैदावारको खेती, सङ्कलन, बिक्री, प्रशोधन, आदिजस्ता कामबाट केही न केही रूपमा रोजगारी र आय सिर्जना भने भएको छ ।

नेपालमा योजनाबद्ध विकासको थालनी भएपश्चात् सुरुका वर्षमा सार्वजनिक संस्थान स्थापना गरी वनजन्य उद्यम सञ्चालन गरियो । वनजन्य पैदावारमा आधारित कारोवार गर्न सरकारी स्तरमा स्थापित संस्थानमा टिम्बर कर्पोरेशन, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड तथा नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड मुख्य छन् । तर यी तीन ओटै संस्थान लगातार घाटामा सञ्चालित छन् (Dhungana and Dahal 2004) । निजी स्तर र जनस्तरमा नेपालमा जडीबुटीको व्यापार लामो समयसम्म असङ्गठित तवरले नै सञ्चालन भयो, जुन अझै पनि जारी छ । जडीबुटीको व्यापारमा विभिन्न ग्रामीण कृषक वा सङ्कलकदेखि साना ठूला व्यापारी, निकासीकर्ता तथा उद्योगी संलग्न रहनुका साथै नेपाल सरकारले पनि यसबाट राजस्व प्राप्त गरिरहेको हुन्छ । आ.व. २०५९/६० को मात्र तथ्याङ्क हेर्दा जम्मा ३,२८० टन जडीबुटी बिक्री भई झण्डै २ करोड ३१ लाख राजस्व सङ्कलन भएको देखिन्छ (Dhungana and Dahal 2004) ।

वास्तवमा नेपालको जडीबुटीको व्यापार अत्यन्तै असङ्गठित रूपमा हुने गरेकाले यसले अपेक्षित प्रतिफल दिनसकेको छैन । जडीबुटी व्यापारका क्रममा धेरै तहमा रहेका व्यापारीको हातबाट जडीबुटीको कारोबार हुने हुनाले सङ्कलक वा कृषकले पाउने मोल र अन्तिम उपभोक्ताले तिर्ने मोलमा व्यापक फरक पर्न जान्छ । यस किसिमको व्यापारबाट वास्तविक उत्पादकले यथोचित मोल पाउन नसक्ने भएकाले यस परिपाटीको सर्वत्र आलोचनासमेत भएको छ ।

**चित्र १५.१ : गोरखा जिल्लाबाट गैरकाष्ठ वन पैदावारको बिक्री कसरी हुने गर्दछ ?**




स्रोत: Olsen and Helles 1997 ।

नोट : कोष्ठक भित्रको अङ्कले व्यापार हुने मात्राको प्रतिशत जनाउँछ ।

चित्र १५.१ मा गोरखा जिल्लामा उत्पादित जडीबुटीको स्वदेशमा हुने प्रयोग र व्यापार तथा भारत र अन्य मुलुकमा हुने निकासीको मार्गचित्र देखाइएको छ । त्यस चित्रमा विभिन्न चरणमा जडीबुटीको कति मात्रामा कारोबार भएको हुन्छ भन्नेसमेत तोकिएको छ । नेपालबाट जडीबुटीको कुल निर्यातको झण्डै ९९

प्रतिशत भारतमा निर्यात भएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने नेपालबाट जडीबुटी प्रशोधन नभई भारतमा निकासी भइरहेको छ, जसले स्थानीय जनतालाई उचित लाभ दिन सकेको छैन । तसर्थ नेपालमा गैरकाष्ठ वन पैदावारको प्रशोधनलगायतका उद्यमजन्य कार्य गरी बजारीकरणका उपयुक्त रणनीति बनाई क्रियान्वयनको काम बाँकी रहेको देखिन्छ ।

गैरकाष्ठ वन पैदावारको खेती, संरक्षण, संवर्द्धन, विकास तथा बजारीकरणका कार्यबाट स्थानीय सङ्कलक तथा कृषकले बढीभन्दा बढी लाभ प्राप्त गर्ने स्थिति सिर्जना गर्न उनीहरू स्वयंबाट उनीहरूकै प्रमुख भूमिका रहनेगरी उद्यमहरू सञ्चालन हुनुपर्दछ । वन पैदावारबाट प्राप्त आर्थिक लाभ ग्रामीण तहसम्म पुगेमा मात्र त्यसले ग्रामीण जनतालाई वन्यस्रोत तथा जैविक विविधता संरक्षण गर्ने प्रेरणा दिन्छ । गैरकाष्ठ वन पैदावारसित सम्बन्धित उद्यम विकास तथा उत्पादनको बजारीकरणका विषयमा अब चर्चा गरिन्छ ।

## गैरकाष्ठ वन पैदावार उद्यमका मुख्य पक्षहरू

गैरकाष्ठ वन पैदावारलगायतका कच्चा पदार्थको असङ्गठित बिक्रीबाट नेपालका जडीबुटी उत्पादक तथा सङ्कलकले यथोचित लाभ पाउन नसकेको प्रसङ्ग माथि नै उठिसक्यो । जडीबुटी उत्पादक, सङ्कलक तथा सामुदायिक वन उपभोक्ताले पाउने न्यायोचित लाभ सुनिश्चित गर्न उनीहरू स्वयं सङ्गठित भई लाग्नुपर्छ । यसरी आयआर्जन, रोजगारी तथा जीविकोपार्जनका लागि गरिनुपर्ने सङ्गठित कार्य नै वन उद्यम हो । उद्यम सञ्चालन हुने विस्तृत विधि, प्रक्रिया तथा यसका जटिलता उद्यम सञ्चालन गरेपछि मात्रै थाहा पाइन्छन् । त्यसैले उद्यम सञ्चालनको अनुभव त्यसभित्रका जटिलता थाहा पाउनका लागि उपयोगी हुन्छ । तसर्थ यहाँ वन पैदावारमा आधारित उद्यम सञ्चालनका लागि ध्यान दिनुपर्ने केही साझा कुराको छोटो चर्चा गरिएको छ । यसमा स्रोतको उपलब्धता तथा पहुँच, प्रविधि र पूँजीको व्यवस्था, उद्यम सञ्चालनको मोडेल तथा उत्पादित वस्तुको बजार व्यवस्थापनजस्ता कुरा पर्दछन् ।

### *स्रोतको उपलब्धता तथा पहुँच*

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्न प्रथमतः स्रोत उपलब्ध हुनु जरुरी छ । सामान्य अर्थमा स्रोत भन्नाले बिक्री गरिने वा कच्चा पदार्थका रूपमा प्रयोग हुने गैरकाष्ठ वन पैदावारलाई जनाउँछ । यसमा

## तालिका १५.१ : अनुसन्धान र विकासका लागि सिफारिस गरिएका जडीबुटीको विवरण

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | कृषि प्रविधि* | कानुनी प्रतिबन्ध** |
|---|---|---|---|---|
| १. | अतिस | *Aconitum heterophyllum* Wall | | |
| २. | विष | *Aconitum spicatum* (Bruhl) Stapf | | |
| ३. | बोभ्रो | *Acorus calamus* Linn | | |
| ४. | सतावरी | *Asparagus racemosus* Willd | ✓ | |
| ५. | निम | *Azadirachta indica* A. Juss | | |
| ६. | पाषनभेद | *Berginia ciliata* (Haw.) sternb | | |
| ७. | सुगन्धकोकिला | *Cinnamomum glaucascens* (Ness) Hand.- Mazz | ✓ | ग |
| ८. | तेजपात | *Cinnamomum tamala* (Buch.– Ham.) Ness & Eberm | | |
| ९. | यार्सागुम्बा | *Cordyceps sinensis* (Berk.) Sacc | | ग |
| १०. | पाँचऔंले | *Dactylorhiza hatagirea* (D.Don) Soo Jones | ✓ | घ |
| ११. | भ्याकुर | *Dioscorea deltoidea* Wall | | |
| १२. | धसिंगरे | *Gaultheria fragrantissima* Wall | | |
| १३. | ओखर | *Juglans regia* Linn | | घ, क (राष्ट्रिय वन) |
| १४. | भ्याउ | Lichens | | ग |
| १५. | गुच्ची च्याउ | *Morchella spp* | | |
| १६. | जटामसी | *Nardostachys grandifolia* DC | ✓ | ग |
| १७. | कुटकी | *Neopicrorhiza scrophulariifolia* (Pennel) Hong | ✓ | ख |
| १८. | अमला | *Phyllanthus emblica* Linn | | |
| १९. | पिपला | *Piper longum* Linn | ✓ | |
| २०. | लघुपत्र | *Podophyllum hexandrum* Royle | | |
| २१. | सर्पगन्धा | *Rauvolfia serpentina* (L.) Benth. ex Kurz | ✓ | ग |
| २२. | पदमचाल | *Rheum australe* D. Don | | |
| २३. | मजिठो | *Rubia manjith* Roxb. ex Fleming | | |
| २४. | रिठ्ठा | *Sapindus mukorossi* Gaertn | | |
| २५. | चिराइतो | *Swertia chirayita* (Roxb. ex Fleming) Karstrn | ✓ | |

* कृषि प्रविधि विकासका लागिसमेत नेपाल सरकारबाट सिफारिस गएिको ।

** नेपाल सरकारले लगाएका कानुनी प्रतिबन्ध यसप्रकार छन् : (क) व्यापारीकरण र निर्यातमा प्रतिबन्ध, (ख) उपलब्धताबारे वन विभागको स्वीकृति र वनस्पति विभागले पहिचान गरी रुजु गरेकोमा बाहेक निर्यातमा प्रतिबन्ध, (ग) वन विभागको सहमति र वनस्पति विभाग वा जडिबुटी प्रशोधन तथा उत्पादन लि. को सिफारिस भई प्रशोधन भएकोमा बाहेक प्रतिबन्ध र (घ) सङ्कलन, उपयोग, बिक्री, ओसारपसार र निकासीमा प्रतिबन्ध ।

| क्र.स. | नेपाली नाम | वैज्ञानिक नाम | कृषि प्रविधि | कानुनी प्रतिबन्ध |
|---|---|---|---|---|
| २६. | जङ्गली सयपत्री | *Tagetes minuta* Linn | | |
| २७. | लौठ सल्ला | *Taxus baccata* Linn | ✓ | |
| २८. | गुर्जो | *Tinospora sinensis* (Lour.) Merr | ✓ | |
| २९. | सुगन्धवाल | *Valeriana jatamansii* Jones | ✓ | ग |
| ३०. | टिमुर | *Zanthoxylum armatum* DC | ✓ | |

स्रोत : नेपाल राजपत्र (भाग ३) खण्ड ५३, नं. ३१, मिति २०६०।८।१, र नेपाल राजपत्र (भाग ३) खण्ड ५१, नं. ३६, मिति २०५८।९।१६

जुन पैदावारमा आधारित उद्यम सुरु गर्न खोजिएको हो, उक्त पैदावारको कच्चा पदार्थ कति सजिलोसँग प्राप्त गर्न सकिन्छ, र सोको निरन्तरता (दिगोपन) कस्तो हुन्छ भन्ने मुख्य कुरा महत्त्वपूर्ण हुन्छ। त्यसैगरी प्रचलित कानुनअनुसार उक्त पैदावारमा कुनै छेकबन्देज लगाएको छ/छैन भन्ने पनि उत्तिकै विचार गर्नुपर्ने कुरा हो। तालिका १५.१ मा नेपालका विभिन्न भौगोलिक क्षेत्रमा पाइने केही महत्त्वपूर्ण जडीबुटीको नामावली उदाहरणका रूपमा दिइएको छ। यो सूचीमा नेपाल सरकारले कृषि प्रविधि विकासका लागि सिफारिस गरेको तथा कानुनी बन्देज लगाएको भए सोसमेत देखाइएको छ।

नेपालमा तालिका १५.१ मा देखाइएका र अन्य जडीबुटी सरकारी वन, सामुदायिक वन तथा निजी जग्गामा प्रशस्त पाइन्छन्। स्थानीय जनताको सामूहिक प्रयास नभएसम्म यी स्रोतबाट उनीहरूले लाभ पाउन नसक्ने जगजाहेर छ। यी प्रजाति उपलब्ध भएर मात्र उद्यम सञ्चालन टिकिराख्न सक्दैन। उद्यम सञ्चालकले ती स्रोतमा निरन्तर पहुँच कायम गर्न सक्ने नसक्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ, जसका लागि सामूहिक प्रयास आवश्यक हुन्छ।

### *प्रविधि र प्राविधिक ज्ञान*

कुनै पनि वस्तु वा सेवा उत्पादनमा प्रविधि वा प्राविधिक ज्ञानको भूमिका रहन्छ। सामान्यतया सङ्कलन गरेका वन पैदावार त्यही रूपमा अन्तिम उपभोक्ता कहाँ पुग्दैनन्। त्यसैले यस्ता कच्चा पदार्थलाई कुनै स्तरको प्रशोधन गरिनुपर्ने हुन्छ, जसका लागि प्रविधि आवश्यक पर्छ। यद्यपि प्रविधिको आवश्यकता प्रशोधनमा मात्र सीमित हुँदैन। जडीबुटी वनस्पतिको उत्पादन, प्रसारण, व्यवस्थापन, सङ्कलन, भण्डारण र गुणस्तर कायम गर्ने काममा समेत खास किसिमका प्रविधि प्रयोग गरिन्छ। यस सन्दर्भमा प्रयोग हुने प्रविधि सामान्यतया तीन किसिमका हुन्छन् :

- परम्परागत प्रविधि
- सुधारिएको प्रविधि
- आधुनिक वैज्ञानिक प्रविधि

सफलपूर्वक उद्यम चलाउन प्रविधिको सही छनौट र उपयोग आवश्यक पर्दछ । तर प्रविधि सजिलै प्राप्त हुँदैन र यो कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषय कस्तो खालका प्रविधि हो भन्नेमा निर्भर रहन्छ । जडीबुटीको हकमा माथि उल्लेख गरेझैँ कतिपय प्रविधि साधारण किसिमका र परम्परागत तरिकाले विकास गरिन्छन् । कतिपय प्रविधि ती परम्परागत प्रविधिमा सामान्य सुधार गरी तयार गरिएका हुन्छन् भने कतिपय भने आधुनिक औद्योगिक उत्पादन प्रक्रियामा उपयोगी हुने किसिमले ठूलो मात्रामा उत्पादन गर्न तयार पारिएका हुन्छन् । पछिल्लो खालका प्रविधि खरीद गर्न महङ्गोसमेत पर्नजाने हुनाले बजारको सुनिश्चितता नभइकन यससम्बन्धी निर्णयमा पुग्न सकिँदैन । तर पनि उद्यमको प्रकृति, बजार सम्भाव्यता, प्रविधि प्रयोग गर्न सकिने सीप क्षमताजस्ता कुरा विचार गरी प्रविधि छनौट, खरीद र प्रयोग गर्नुपर्ने हुन्छ ।

### *पूँजीको व्यवस्था*

अन्य उद्यमझैँ वन उद्यमको विकासका लागि पनि पूँजी जरुरत पर्दछ । सामान्यतया पूँजी भन्नाले रकम वा आर्थिक पूँजी भन्ने बुझिन्छ तर यसलाई व्यापक अर्थमा लिँदा यसमा सबै किसिमका पूँजीगत लगानी पर्दछन् । जस्तै- उद्यम सञ्चालनका लागि चाहिने कच्चा पदार्थ भण्डारणका स्थायी सामग्री, प्रशोधन गर्न प्रयोग गरिने मेशिन औजार, भवन इत्यादि यसका उदाहरण हुन् । तर सबै किसिमका उद्यमका लागि बराबरी पूँजी जरुरत पर्दैन । धेरै किसिमका उद्यम अत्यन्तै थोरै लगानीबाट सञ्चालन हुन सक्छन् भने अरू किसिमका उद्यमका लागि करोडौँ वा अरबौँ रुपियाँसमेत लाग्ने हुन्छ । तसर्थ उद्यमको अहिलेको र भविष्यमा वृद्धि हुने आकार हेरी यसलाई आवश्यक पूँजीका लागि कसले लगानी गर्ने वा कहाँबाट व्यवस्था मिलाउने र यससम्बद्ध जोखिम लिनेलाई कस्तो लाभ हुने भन्ने कुराको निरूपण हुनुपर्दछ । शेयर लगाानीको व्यवस्था, ऋण लगानी र समग्र पूँजीगत संरचना कस्तो हुने भन्ने कुरा उद्यमको मोडेल कस्तो हो भन्नेमा पनि भर पर्दछ । तर मुख्य लगानीकर्तामा स्थानीय किसान, जडीबुटी सङ्कलकजस्ता समूह भएमा उद्यमबाट प्राप्त हुने लाभ (तथा लाभांश) मा उनीहरूको पहुँच पुग्छ ।

## *उद्यमको मोडेल*

उद्यम सञ्चालनका लागि अर्को महत्त्वपूर्ण पक्ष उद्यमको मोडेल हो । यसको अर्थ उद्यम व्यक्तिगत वा संस्थागत (कस्तो किसिमको संस्थाका रूपमा) कसरी सञ्चालन गर्ने हो भन्ने कुरा निक्र्यौल हुनुपर्छ । सामान्यतया उद्यम सञ्चालन देहायबमोजिम हुने गर्दछ ।

(क) सार्वजनिक (सरकारी संस्थान)
(ख) निजी (एक व्यक्ति संस्थापक रहेको)
(ग) साझेदारी (दुई व्यक्ति संस्थापक रहेको)
(घ) कम्पनी (सामान्यतया दुईजना भन्दा बढी व्यक्ति संस्थापक रहेको तर कानुनतः एकल स्वामित्वको पनि कम्पनी हुन सक्छ)
(ङ) सहकारी

उद्यमका यी विभिन्न मोडेलमा अलग अलग किसिमका संरचना मात्रै नभएर यिनको सञ्चालन प्रक्रिया र उद्देश्यसमेत फरक फरक हुन्छन् । गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम कुन मोडेलमा चलाउनु उचित हुन्छ भन्नेमा निश्चित उत्तर पाउन गाह्रो पर्दछ । यसमा कसले लगानी गर्न सक्छन् वा गर्ने इच्छा राख्छन्, उद्यमका लागि चाहिने कच्चा पदार्थ तथा प्रविधिमा कसको पहुँच तथा अधिकार छ, स्थानीय रूपमा सङ्कलन हुनेबाहेक थप रकम तथा ऋण आवश्यक पर्छ वा पर्दैन, उद्यमको प्रक्षेपित कारोबारको स्थिति कस्तो हुन्छ, उद्यमका उत्पादनको बिक्री-वितरण कहाँ र कसरी हुन्छ भन्नेजस्ता कुरा पर्दछन् । त्यसैगरी यी मोडेलसित गाँसिएर आउने कानुनी तथा प्रशासनिक दायित्व पनि विचार गर्नुपर्दछ । यी मोडेलका खासखास किसिमका कमजोर र सबल पक्षसमेत हुन्छन् । सामुदायिक वनबाट प्राप्त गर्ने कच्चा पदार्थमा आधारित वा स्थानीय साना किसान तथा सङ्कलकबाट सञ्चालन हुने उद्यममा स्वभावैले ती वर्गको हित रक्षा हुने गरी प्रबन्ध गर्नुपर्ने हुन्छ ।

## *गैरकाष्ठ वन पैदावारको बजार*

बजार भन्नाले सामान्यतया क्रेता र बिक्रेताबीच कारोबार हुने स्थान भन्ने बुझिन्छ । तर व्यापक अर्थमा लिँदा यस्तो कारोवार हुने परिस्थिति वा वातावरणलाई समेत बजार भन्ने गरिन्छ । टाढाटाढा रहेका परस्पर चिनजान वा भेटघाट हुँदै नभएका क्रेता र बिक्रेताबीच पनि व्यापारिक सम्बन्ध कायम हुन्छ र कारोबार

हुनसक्छ । तसर्थ बजार एउटा निश्चित ठाउँ नभई एउटा परिपाटी हो, जसअन्तर्गत वस्तु वा सेवामा कारोबार हुने गर्दछ ।

उद्यम सञ्चालन गर्दा बजारको हेक्का हुनु अपरिहार्य छ । नेपालको कुनै दुर्गम जिल्लामा लोक्ता कागज वा अल्लोको कोट बनाई बिक्री गर्ने योजना बनाउँदा कहाँ बेच्ने, काठमाडौँ वा अन्य ठूलो बजार क्षेत्रमा कसलाई सम्पर्क गर्ने, विदेश निकासी गर्दा कोमार्फत गर्ने वा आफैँ गर्ने भन्नेबारे विचार गर्नु जरुरी हुन्छ । त्यसैगरी बजारमा ती वस्तु कस्तो गुणस्तरको खोजिन्छ, कति मात्रामा माग हुन्छ, कति मोलमा बेच्न सकिन्छ, अरू प्रतिस्पर्धी को को हुन्, आफ्नो वस्तुको कसरी प्याकेज गर्नेलगायतका पक्षमा विचार गर्नु जरुरी हुन्छ ।

गैरकाष्ठ वन पैदावारको मागको अवस्थाबारे सजिलै आकलन गर्न सकिँदैन । यसका विभिन्न पक्षमा विचार गर्नुपर्ने हुन्छ । पहिलो हो बजारको आवश्यकता । कुन किसिमको गैरकाष्ठ वन पैदावार सजिलै बिक्री गर्न सकिन्छ, उक्त पैदावार कति मात्रामा माग भइरहेको छ र कोसित सम्पर्क गर्नुपर्छ भन्ने कुरा ध्यान दिनु जरुरी छ । दोस्रो हो, मागमा अस्थिरता, जुन गैरकाष्ठ वन पैदावारको हकमा बढी टड्कारो रूपमा देखा पर्दछ । विभिन्न जिल्लाबाट निकासी भएका पैदावारको कारोवारको मात्रामा मात्र ध्यान दिने हो भने पनि यसको बिक्रीमा अप्रत्याशित रूपमा घटबढ भइरहेको देखिन्छ । यसमा तेस्रो पक्ष भनेको बजारले आशा गर्ने गुणस्तर हो, जुन सदैव कायम गर्नुपर्ने हुन्छ । तसर्थ आफूले उत्पादन गर्ने वस्तुको बजारको पहिल्यै विचार गरेर मात्र गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना गर्नेबारे निर्णय गर्नुपर्दछ ।

यी पक्षका अतिरिक्त गैरकाष्ठ वन पैदावारको व्यापार तथा उद्यम सञ्चालनका सन्दर्भमा थप जटिलता पनि छन् । जसबारे तल छोटकरीमा वर्णन गरिएको छ :

## गैरकाष्ठ वन पैदावारको व्यापार र उद्यम सञ्चालनका जटिलता

### *मूल्य र मूल्य व्यवस्था*

सामान्यतया बजार शास्त्रमा कुनै वस्तु वा सेवाको मोलको निर्धारण क्रेता र बिक्रेताबीचको सम्मतिबाट हुने मानिए तापनि अपूर्ण बजार व्यवस्था भएका कारण जडीबुटीको भाउ तोक्ने काम उत्पादकबाट नभई क्रेता वा व्यापारीबाट हुने गरेको पाइन्छ । जडीबुटीको बजारसम्बन्धी ज्ञान तथा सूचनामा नेपालका जडीबुटी सङ्कलक तथा किसानको पहुँच अत्यन्तै न्यून छ । सामान्यतया अरू वस्तुको हकमा पनि मोल घटीबढी हुने भए तापनि जडीबुटीको भाउमा भने केही वर्ष, महिना, हप्ता र कहिलेकाहीँ त दिनदिनै अस्वाभाविक किसिमले मोल भाउमा

चित्र १५.२ : चार वर्षको अवधिमा चिराइतोको बजार मूल्य कसरी घट्दै गयो ?




स्रोत : ANSAB 2005 ।

उतारचढाव भैरहन्छ। कुनैकुनै पैदावारमा त बजार मूल्य घटेको पनि देखिन्छ (चित्र १५.२)। स्थानीय किसान तथा सङ्कलकसँग व्यापारीले जथाभावी रूपमा मोलतोल गरी आफ्नो स्वार्थ सिद्ध गर्ने गर्दछन्। जडीबुटीको भाउ स्थानीय माग वा उत्पादनको आधारमा मात्र नभई गन्तव्य बजारहरूबाट आउने मागले नै निर्धारण गर्दछ। यसप्रकार नेपालका स्थानीय कृषक, जडीबुटी सङ्कलक तथा उपभोक्ता समूह सङ्गठित भई बजारीकरणको पहल गरेमा मात्र उनीहरूले फाइदा पाउने परिस्थिति बन्न जान्छ।

### *व्यापार सम्बन्ध*

सामान्यतया कुनै पनि वन पैदावारको बिक्री प्रबन्धन टिकाउन व्यापारिक अन्तरसम्बन्ध जरुरी पर्दछ। दुर्गम स्थानका सङ्कलक वा उपभोक्तालाई एक्लै व्यापारी वा आयात निर्यातमा संलग्न व्यक्तिसित सम्बन्ध स्थापना गर्न गाह्रो पर्छ। दिगो र भरपर्दो सम्बन्ध स्थापित नहुँदासम्म कारोबार चिरस्थायी र न्यायपूर्ण नहुने सम्भावना बढी रहन्छ। तसर्थ सङ्कलक र उपभोक्ता एक्लै वा व्यक्तिगत रूपमा नभई सङ्गठित भएर व्यापार सम्बन्ध स्थापना र विस्तार गरेमा कारोबार बढी न्यायपूर्ण हुन सक्छ, जुन अहिले भैरहेको देखिँदैन।

### *वित्तीयकरण (Financing)*

गैरकाष्ठ वन पैदावार विकास तथा प्रवर्द्धनका क्षेत्रमा कम ध्यान दिइएको विषय वित्तीयकरण हो। यस्ता पैदावार प्रचुर भएका ठाउँमा वा समुदायका सदस्य सक्रिय भएका अवस्थामा केही ठूला किसिमका उद्यम सञ्चालनको पहल गर्न चाहिने रकम कसरी बन्दोबस्त गर्ने भन्ने विषयलाई सदैव बेवास्ता गरिएको हुन्छ। वन उपभोक्ता समूह कुनै सहकारीको सदस्य बन्नसक्ने प्रावधान छैन भने सामान्यतया व्यक्तिगत तवरले लगानी गर्ने सम्भावना कम हुन्छ। यसका निम्ति बैङ्कले ऋण दिने वा यसका लागि सिफारिस गर्नेलगायतका पक्षमा थप ध्यान जानु आवश्यक छ।

### *यातायात तथा पारवहन*

गैरकाष्ठ वन पैदावार उत्पादन हुने र उपभोग हुने ठाउँ एउटै नहुने हुनाले बजार प्रबन्धका लागि यातायात तथा पारवहनले अत्यन्तै महत्त्व राख्छ। यसमा निकासी पुर्जी लिई एक जिल्लाबाट अन्यत्र लगेको सामानका लागि प्रत्येक वन विभाग तथा प्रहरीको चेक पोष्टमा नियमित तथा अनियमित शुल्क तिर्नुपर्ने प्रावधान स्थापित भइसकेको छ। त्यसैगरी विदेश निकासी गर्दा उत्पत्तिको प्रमाणपत्र लिनुपर्ने पक्षमा पनि व्यापक जटिलता छन्।

### *वन प्रमाणीकरण*

हाल नेपालमा वन व्यवस्थापनको प्रमाणीकरणका क्षेत्रमा केही कार्य सुरु भइसकेको छ । यसअन्तर्गत मूलतः वन व्यवस्थापन दिगो वन व्यवस्थापनका सिद्धान्तअनुसार भए/नभएको परीक्षण गरी प्रमाणीकरणमा ख्यातिप्राप्त संस्थाबाट सोको प्रमाणित गराउने प्रचलन छ । यसअन्तर्गत दुई ओटा पक्षमा खास ध्यान दिइन्छ :

- **दिगो वन व्यवस्थापन प्रमाणीकरण :** यसअन्तर्गत वन क्षेत्रमा कसरी वन व्यवस्थापनका कार्य गरिन्छ, वन पैदावार सङ्कलनको तरिकाले वनको स्वास्थ्य तथा आर्थिक, वातावरणीय तथा सामाजिक पक्षमा दीर्घकालीन हिसाबले कस्तो असर पार्दछ, वन संवर्द्धनका के/कस्ता कार्य गरिएका छन् भन्नेजस्ता विषयमा परीक्षण गरी प्रमाणीकरण गरिन्छ ।
- **चेन अफ कष्टडी प्रमाणीकरण :** यसमा खासगरी उत्पादकदेखि अन्तिम उपभोक्तासम्म कुनै पैदावार आइपुग्दा त्यसका विभिन्न चरणमा के/कस्ता प्रक्रिया अपनाइए र ती प्रक्रियामा तोकिएका मापदण्ड पूरा भएका छन् वा छैनन् भन्ने कुरा परीक्षण गरी प्रमाणीकरण गरिन्छ ।

प्रमाणीकरण गरेर बजारमा ल्याइएका वन्य उत्पादनको मूल्य बढी त हुने गरेको छ तर वन प्रमाणीकरणमा विदेशी प्रमाणीकरण संस्था संलग्न हुने हुनाले यो प्रक्रिया खर्चिलो छ । (वन प्रमाणीकरण विषयमा अध्याय १६ मा थप चर्चा गरिएको छ ।)

## नेपालमा गैरकाष्ठ वन पैदावार प्रवर्द्धनमा भएका केही काम

नेपालको ग्रामीण क्षेत्रमा गैरकाष्ठ वन पैदावारको अत्यन्तै ठूलो महत्त्व छ । यसबाट ग्रामीण जनसमुदायको दैनिक जीविकोपार्जनदेखि आयआर्जनसम्मका प्रशस्त सम्भावना पनि छ । तर प्रशस्तै जडीबुटी र अन्य गैरकाष्ठ वन पैदावार पाइने क्षेत्रमा पनि यी पैदावारका उद्यम तथा व्यापार सहजीकरणमा पहल हुन सकेको छैन । अहिलेसम्म सरकारी, गैरसरकारी तथा स्थानीय जनता स्वयंले गरेका काम पनि व्यापार व्यवसाय अभिवृद्धि गर्ने किसिमको नभई संरक्षणमुखी नै हुने गरेका छन् ।

हाल नेपालमा १३,००० भन्दा बढी सामुदायिक वन उपभोक्ता समूह गठन भई वनको संरक्षण, विकास र अन्य व्यवस्थापन कार्य भइआएको छ । यीमध्ये

थुप्रै समूहले गैरकाष्ठ वन पैदावारको नर्सरी स्थापना गरी सामुदायिक वन तथा निजी जग्गासमेतमा वृक्षारोपण गरी संरक्षण गरिरहेका छन्। गाउँलेमध्ये बूढापाकासँग जडीबुटी प्रयोगलगायतमा परम्परागत ज्ञान सीपसमेत रहिआएको पाइन्छ। झण्डै एक दशकदेखि सेवा प्रदायक संस्थामा समेत गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापनमा केही मात्रामा जागरुकता आएकाले यसतर्फ स्थानीय तथा जिल्लास्तरमा केही काम भइरहेको देखिन्छ।

सर्सर्ती हेर्दा स्थानीय स्तरमा भएका काम देहायबमोजिम छन् :

- जडीबुटी नर्सरी स्थापना र बोटबिरुवा बिक्री-वितरण
- वनको झाडी सफा गरी त्यो स्थान वा खाली रहेका सामुदायिक वन क्षेत्रमा जडीबुटी रोपण
- जडीबुटी प्रचुर रहेको वा वृक्षारोपण गरिएको क्षेत्रमा बान्नो पर्खाल, तारबार वा अन्य तरिकाबाट संरक्षण
- उपभोक्ता समूहको भेला तथा समिति बैठकमा जडीबुटी विकास सम्बन्धमा छलफल तथा सो सम्बन्धमा चेतना वृद्धि
- लोक्ता, बाँस, अम्रिसो, अल्लोलगायतका पैदावारको स्थानीय स्तरमा प्रशोधन र स्थानीय वा बाहिरी बजारमा बिक्री
- स्थानअनुसार खासखास प्रजातिका वनस्पति रोपण
- जडीबुटी प्रशोधनका मेशिन जडान र सञ्चालन
- सहकारी स्थापना

त्यसैगरी जिल्लास्तरमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट केही मात्रामा भएका काममध्ये मुख्यमुख्य तल दिइएको छ :

- जिल्लास्तरमा जडीबुटी नर्सरी स्थापना र बिरुवा वितरण
- उपभोक्तालाई जडीबुटी पहिचान तथा प्रशोधन तालिम
- नर्सरी स्थापनामा आर्थिक सहयोग तथा किन्ने सम्झौता
- कम्पनी तथा उपभोक्ताबीच सम्बन्ध स्थापना र सम्झौता सहजीकरण
- उद्यम स्थापनामा आंशिक आर्थिक सहयोग

त्यसैगरी केही वर्षयता नेपालको वन क्षेत्रको नीति निर्माणमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारले पनि स्थान पाउन थालेको छ । नवौं तथा दसौं पञ्चवर्षीय योजनामा जडीबुटी विकासलाई विशेष जोड दिइएको थियो । नेपाल सरकारले विगत केही वर्षमा नीतिगत क्षेत्रमा गरेका महत्त्वपूर्ण कार्य यसप्रकार छन् ।

- नवौं तथा दसौं पञ्चवर्षीय योजनामा जडीबुटी उपक्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम प्रस्ताव गरिएको
- राष्ट्रिय जडीबुटी नीति, २०६१ पारित गरिएको
- जडीबुटीको राजस्व दर नागरिक समाजको सल्लाहमा परिमार्जन गरिएको
- वन मन्त्रालय स्तरमा विभिन्न सरोकारवाला संलग्न गरी जडीबुटी बोर्ड गठन गरिएको

तर यी काम गैरकाष्ठ वन पैदावारको समुचित विकास गर्न तथा यसबाट गाउँले जनताले अधिकतम लाभ प्राप्त गर्नसक्ने स्थिति सिर्जना गर्न अपर्याप्त छन् । गैरकाष्ठ वन पैदावारको समग्र विकास गर्नका लागि स्रोत पहिचान तथा निजी तथा सामुदायिक वन क्षेत्रमा वृक्षारोपणदेखि लिएर यिनको सङ्कलन, भण्डारण, प्रशोधन, उद्यम विकास र समन्यायिक बजार व्यवस्थाका लागि सहजीकरण गर्नु अपरिहार्य छ ।

## गैरकाष्ठ वन पैदावार प्रवर्द्धन तथा उद्यम सञ्चालनका कठिनाइ

गैरकाष्ठ वन पैदावार प्रवर्द्धन सम्बन्धमा केही गतिविधि भइरहेको माथि नै उल्लेख गरियो तर यसमा धेरै समस्या पनि विद्यमान छन् । यी सवाल सरकारी नीति तथा कानुन, सरकारी निकायका ढिलासुस्ती, यातायात सुविधा, ऋण व्यवस्था, प्राविधिक ज्ञान सीप, वस्तुको गुणस्तर तथा बजार सूचनासँग सम्बन्धित छन् ।

## प्रमुख नीतिगत तथा कानुनी सवाल

**स्वामित्वको सवाल :** सामुदायिक वन नीति तथा कानुनअनुसार वन हस्तान्तरण भइसकेपछि पनि नेपाल सरकारले ती वन क्षेत्रको जडीबुटीको केन्द्रीय स्तरबाटै विभिन्न कम्पनीलाई ठेक्का दिन नछाडेकाले सामुदायिक वनको पैदावारमाथिको स्थानीय उपभोक्ताको हक कुण्ठित भएको छ ।

**अव्यावहारिक राजस्व दर :** थुप्रै प्रजातिका वनस्पतिका हकमा सरकारी स्तरबाट बजारभाउको बेवास्ता गरेर हचुवाको भरमा राजस्व दर तोकिएकाले यिनको व्यापार व्यवसायमा गैरकानुनी कार्यले प्रोत्साहन पाएका छन् । यसमा मुख्यगरी राजस्व नै नतिरी वन पैदावार ओसारपसार गर्ने जस्तो परम्परा मौलाएको छ र यसबाट कानुनअनुसार काम गर्ने व्यक्ति हतोत्साहित हुने स्थिति पैदा भएको छ ।

**सामुदायिक वनको कार्ययोजनामा व्यवस्था :** जडीबुटीको विकास र प्रवर्द्धन गर्ने नीति भएरै पनि जिल्लास्थित कर्मचारीले सामुदायिक वन उपभोक्तालाई वन उद्यम सञ्चालन गर्न सजिलो बनाउने गरी कार्ययोजना बनाउनुको सट्टा उल्टै जटिल प्रक्रिया लाद्ने गरेकाले गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना गर्न कठिनाइ भैरहेको छ ।

**सङ्कलन, प्रशोधन, व्यापारमा बन्देज तथा सर्त :** नेपाल सरकारले स्पष्ट कारणविना नै विभिन्न प्रजातिको सङ्कलन, ओसारपसार, प्रशोधन, व्यापारमा प्रतिबन्ध लगाउने तथा अनेकन सर्त राख्ने भएकाले गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम स्थापना गर्न तथा यस्ता पैदावारमा व्यापार व्यवसाय गर्न अनिश्चयको वातावरण विद्यमान छ ।

**प्रशासनिक तथा नोकरशाही ढिलासुस्ती :** कतिपय अवस्थामा सरकारी ढिलासुस्तीका कारण अनुमति नपाएर बाहिर लैजान ठीक पारेका वन्य उत्पादन निकासी गर्न नसकी कुहिएको भन्नेसमेत जानकारीमा आएको छ ।

**यातायात तथा बजार सम्पर्क :** गैरकाष्ठ वन पैदावार प्रचुर मात्रामा पाइने स्थानमा यातायातका साधनको अभाव छ । यसबाट सामानको समयमै ढुवानी गर्न कठिनाइ हुन्छ । त्यसैगरी जडीबुटी ओसारपसार क्रममा चेकपोस्टपिच्छे हुने झमेला तथा त्यसको बहानामा लिइने गरिएको घूसका कारण जडीबुटीको जायज र कानुनसङ्गत व्यापार गर्न प्रोत्साहन मिलेको छैन ।

**ऋण :** उपभोक्ता समूह वा जडीबुटी सङ्कलक तथा कृषकले सामूहिक वा व्यक्तिगत उद्यम सञ्चालन गर्न चाहेमा सोका लागि चाहिने ऋण प्रवाहको सुनिश्चितता हुन सकेको छैन ।

**प्राविधिक ज्ञान र प्रविधि :** कतिपय अवस्थामा उद्यम सञ्चालन गर्न आधुनिक प्रविधि र प्राविधिक ज्ञान आवश्यक पर्ने हुँदा प्रविधिमा पहुँच पुऱ्याउने र उद्यमको लागि प्राविधिक सेवा प्रदान गर्ने उपयुक्त निकायको कमी छ ।

**गुणस्तर :** उपभोक्ता तथा जडीबुटी सङ्कलककलाई बजारमा प्रचलित गुणस्तरको मापदण्डबारे जानकारी कम हुने भएकाले क्रेताले मनोमानी ढङ्गले गुणस्तर तोकी पैदावारको मोल निर्धारण गर्ने हुँदा समुदायका सदस्य ठगिन पुगेका छन् ।

**सूचना तथा जानकारी अभाव :** स्थानीय जनसमुदायमा गैरकाष्ठ वन पैदावार सङ्कलन, लाइसेन्स तथा अनुमति र व्यापार, ओसारपसार तथा उद्यम सञ्चालनसम्बन्धी सूचना तथा कानुनी प्रावधानबारे जानकारी अभाव पनि एक प्रमुख बाधकका रूपमा रहेको छ ।

## निष्कर्ष

यस लेखमा जैविक विविधता संरक्षण र स्थानीय जनताको जीविकोपार्जनको सम्बन्ध विश्लेषण गर्ने सन्दर्भमा जैविक विविधताको महत्त्वपूर्ण पाटोका रूपमा रहेको गैरकाष्ठ वन पैदावारको व्यवस्थापन र बजारीकरणको चर्चा गरिएको छ । गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापनबाट जैविक विविधता संरक्षणमा योगदान पुग्ने त स्पष्ट छ तर यी काम संरक्षणमुखी मात्र नभएर गाउँले जनतामा बढीभन्दा बढी आर्थिक लाभ पुग्नेगरी वनजन्य उद्यम प्रवर्द्धन हुनेखालको हुनुपर्छ । उद्यम विकासबाट सिर्जित हुने आर्थिक लाभका कारण संरक्षणका लागि गाउँले जनतामा प्रोत्साहन मिल्न जान्छ ।

नेपालमा एक दशकयता सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका साथै स्थानीय समुदायमा गैरकाष्ठ वन पैदावारको संरक्षण, उपयोग, व्यापार तथा निर्यातजस्ता पक्षमा व्यापक अभिरुचि बढेको छ । तर अझै पनि असङ्गठित किसिमको जडीबुटी व्यापारबाट स्थानीय सङ्कलक, कृषक र उपभोक्ता सबभन्दा बढी मारमा परेका छन् । गैरकाष्ठ वन पैदावारबाट गरिबी निवारणलगायतका अन्य विकास लक्ष्य हासिलसमेत गर्न सकिने अपेक्षाका आधारमा स्थानीय समुदायलाई अन्य संस्थाबाट केही मात्रामा सहयोग पनि हुँदै आएको छ । तर सामुदायिक स्तरमा यस्ता पैदावारको दिगो व्यवस्थापन गर्ने गरी उद्यम सञ्चालन गर्न र न्यायपूर्ण लाभ वितरणसहितको व्यापार व्यवसायका लागि अझै पनि

उपयुक्त वातावरण बन्न सकेको छैन । गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम सञ्चालन गरी यस्तो कारोबारको लाभ गाउँमै राख्न प्रथमतः स्थानीय कृषक, सङ्कलक तथा उपभोक्ता सहकारी वा अन्य यस्तै संरचनाभित्र सङ्गठित हुनुपर्दछ । यसबाट नीतिगत वकालत, समस्या निरूपण तथा आवश्यक रकम सङ्कलन, प्रविधि संयोजन, बजार सम्बन्ध विस्तार र सुदृढीकरणजस्ता कार्य सहज बन्छन् । ग्रामीण क्षेत्रमा वनमा आधारित उद्यम स्थापना र सुदृढ गराउने गरी ऋण प्रवाह, प्रविधिमा पहुँच, सूचना प्रवाह तथा प्रशासनिक सहजीकरण आदि पक्षमा सरकारी नीति तथा बाह्य सहयोगको ध्यान जानु जरुरी देखिन्छ । यसबाट ग्रामीण जनताको रोजगारी तथा आय वृद्धि हुने मात्र नभई जैविक विविधताको संरक्षणमा समेत योगदान पुग्नेछ ।

## सन्दर्भ सामग्री


ANSAB. 2005. *NTFP Trade Bulletin 1 (1)*. Kathmandu: ANSAB.

Dhungana, H.P. and S.P. Dahal. 2004. Strengthening Local Capacity for Non-timber Forest Products Management and Marketing: The Need of Policy Reforms in Community Forestry in Nepal. In *Proceedings of the Fourth National Workshop on Community Forestry: 25 years of Community Forestry: Contributing to Millennium Development Goal*. Kathmandu: Department of Forest.

Edwards, D.M. 1996. *Non-timber Forest Products from Nepal: Aspects of the Trade in Medicinal and Aromatic Plants.* Kathmandu: Forest Research and Survey Centre. FORESC Monograph 1/96.

Larsen, H.O., C.S. Olsen and T.E. Boon. 2000. Non-timber Forest Policy Process in Nepal: Actor, Objectives and Power. *Forest Policy and Economics* 1(3-4): 267-281.

MPFSP. 1988. Master Plan for the Forestry Sector: Main Report. Kathmandu: HMGN/Master Plan for the Forestry Sector Project.

Olsen, C.S. and F. Helles. 1997. Medicinal Plants, Markets and Margins in the Nepal Himalaya: Trouble in Paradise. *Mountain Research and Development* 17( 4): 363-374.